बाह्रविसे नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बाह्रविसे-४, सिन्धुपाल्चोक

# आन्तरिक लेखापरीक्षण प्रतिवेदन

# आ.व. २०७९।०८०


<u>प्रतिवेदक</u>

कपिल ज्ञवाली

आ.ले.प. सहायक

आन्तरिक लेखापरीक्षण इकाई

बाह्रविसे नगरपालिका

बाह्रविसे - ४, सिन्धुपाल्चोक


बाह्रविसे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाह्रविसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

Kapil

# आन्तरीक लेखापरीक्षण




बाह्रबिसे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाह्रबिसे, सिन्धुपाल्चोक
बाग्मती प्रदेश, नेपाल
२०७२

# बाह्रविसे नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# बाह्रविसे-४ सिन्धुपाल्चोक
# (आन्तरिक लेखापरीक्षण इकाई)
# आ.व. २०७९|०८० को आन्तरिक लेखापरीक्षण प्रतिवेदन

## १.परिचयः

बागमती प्रदेशमा अवस्थित सिन्धुपाल्चोक जिल्लाको पूर्वी भेगमा रहेको बाह्रविसे नगरपालिका नौ (९) वडामा विभाजित रहेको छ भने ५० सदस्यीय सभा रहेको यस नगरपालिका ७९० मिटर उचाई देखि ३७०० मिटरसम्मको उचाईमा फैलिएको छ। यस नगरपालिकाको कूल जनसंख्या २६,७०० रहेको छ भने कूल क्षेत्रफल १३४.८१ वर्ग कि.मि. रहेको छ जसमा ४०.३४ वर्ग कि.मि. क्षेत्रफल बन जंगलले ओगटेको यस नगरपालिकको १८.६९ वर्ग कि.मि. क्षेत्रफल घाँसे क्षेत्र र १८.४९ कि.मि. क्षेत्रफल झाँडीले ओगटेको पाईन्छ। यस नगपालिकाको भू-आकृति अनुसार २१०० मिटर भन्दा माथि लेकाली भू-आकृति पाईन्छ भने ९०० मिटर देखि २१०० मिटर सम्मको भूभागमा पहाडी भू-आकृति र ७९० मिटर देखि ९०० मिटर सम्म बेशी भू-आकृति रहेको पईन्छ। यस नगरपालिकाको भूमिलाई भूबनोट, प्रणाली तथा भू-स्खलन जस्ता प्राकृतिक प्रणालीका आधारमा अध्ययन गर्दा भूमिको उपयोगको सम्भाव्यता र सघनता क्रमशः घट्दै गएको पाईन्छ। भौगोलिक रुपमा रहेको विविधताका कारण बाह्रविसे नगरपालिकामा कृषि, पर्यटन, लघु घरेलु व्यवसाय, व्यापार, आधुनिक कृषि व्यवसाय, तरकारी बाली, फलफूल खेती, जडिबुट्टी उत्पादन एवं प्रशोधन, पशुजन्य उत्पादन, जस्ता आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरु रहेको पाईन्छ।

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विशायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्र भित्र स्रोत साधन संकलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सार्थक तथा सक्रिय सहभागितामा आधारित दिगो विकासको लाभ समता मूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस बाह्रविसे नगरपालिकाको स्थापना भएको हो। नेपाल सरकार एवं स्थानीय तहामा उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनाबद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु स्थानीय तहको मुख्य उद्धेश्य रहेको छ।

## २.कार्यालयको नामः

बाह्रविसे नगरपालिका नगर कार्यपालिकाको कार्यालय
बाह्रविसे - ४, सिन्धुपाल्चोक।

## ३.कार्यालयको उद्धेश्यः

क. नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्दै संघ प्रदेश तथा स्थानीय तहबीच सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्ने,

ख. स्थानीय सरकारको संचालनमा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी जनता बीच सुलभ तथा गुणस्तरीय सेवा प्रवाह गर्ने,

ग. स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारको संचालन गर्ने,

घ. लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी एवं न्यायोचित वितरण गर्दै कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरूप लोकतान्त्रिक शासन व्यवस्थालाई स्थानीय तह देखि नै सुदृढिकरण गर्ने।

## ४.प्रमुख क्रियाकलापहरूः

- वार्षिक, आवधिक तथा योजना विषयगत योजनाहरूको तर्जुमा
- स्थानीय सरकार संचालनका लागि आवश्यक ऐन, नियम, कार्यविधि, मापदण्ड तथा कानुनहरूको निर्मण, कार्यन्वयन र पृष्ठपोषण,
- नगर सभाबाट पारित वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन तथा संचालन,
- स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय सरकारले सम्पादन गर्नु पर्ने कार्यहरू सम्पादन गर्ने,
- संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम तथा योजनाको संचालन गर्ने,
- नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्दै संघ प्रदेश तथा स्थानीय तहबीच सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्ने,

## ५.कार्यालय सम्बन्धी विवरणः

१. कार्यालय प्रमुखको नामः

अमर प्रसाद भट्ट (नि.प्र.प्र.अ.) (२०७८|१०|२८ गते देखी २०७९|०५|१ सम्म)
चुरामणि पन्थी( प्र.प्र.अ.) (२०७९|०५|२०गते देखी २०८०।१।२७ सम्म)

नगर कार्यपालिकाको कार्यालय
बाह्रविसे नगरपालिका
बाह्रविसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

सुषमा महता के .सी .(प्र.प्र.अ.)(२०८०।०२।१०देखी २०८०।०५।०४सम्म)

२. **आर्थिक प्रशासन प्रमुखको नामः**

निराजन थापा (स.ले.प) (२०७६|०९|३० गते देखी हाल सम्म)

३. **आन्तरिक लेखापरीक्षण इकाई**

कपिल ज्ञवाली (आ.ले.प. पाचौं) (२०७७|०७|४ गते देखी हाल सम्म)

४. **परीक्षण गरिएका स्रेस्ताः**

- गोश्वारा भौचर तथा सम्बन्धित कागजात
- बैंक नगदी किताब
- खर्चको फाटवारी
- सहायक खाताहरु
- खरिद निर्णय सम्बन्धी फाईलहरु
- नगदी रसिद
- आम्दानी विवरण
- बैंक विवरण
- स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) का अभिलेखहरु

५. **सम्बन्धित ऐन, नियम, निर्देशिका र कार्यविधिहरू;**

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०
- सार्वजनिक खरिद ऐन, २०६३, तथा नियमावली २०६४
- लेखापरीक्षण ऐन, २०७५
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ तथा नियमावली २०६५
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली २०७७
- आयकर ऐन, २०५८ तथा नियमावली २०५९
- भ्रमण खर्च नियमावली, २०६४
- आर्थिक संकेत वर्गीकरण तथा व्याख्या, २०७४
- नेपाल सरकारको लेखा निर्देशिका, २०७३
- आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०७३

नगर कार्यपालिकाको कार्यालय
बाह्रबिसे नगरपालिका
बाह्रबिसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

Kapil

- कार्य संचालन निर्देशिका, २०७५
- कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७६।७७
- बाहविसे नगरपालिकाको आर्थिक ऐन, २०७८।७९

६. **बाहविसे नगरपालिकाको ऐन, नियम, निर्देशिका तथा कार्यविधिः**

आर्थिक ऐन, २०७७।७८

विनियोजन ऐन, २०७७।७८

बाहविसे नगरपालिकाको नीति तथा कार्यक्रम २०७७।७८

सहकारी ऐन, २०७५

शिक्षा ऐन, २०७५ तथा नियमावली २०७६

कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७

टोल विकास समिति गठन, संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०...

कार्यसम्पादन नियमावली, २०७५

७. **लेखापरीक्षण अवधिः २०७९।०४।०१ देखि २०८०।०३।३१ सम्म**

आर्थिक वर्ष२०७९-८० को आन्तरीक लेखापरीक्षण प्रतिवेदन तयार गरि प्रस्तुत गरेको छु।

बाहविसे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाह्रविसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

बाह्रिसे नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बाह्रविसे, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

आ.व.२०७९/०८० को एकीकृत आय-व्यय विवरण

| आय | | | व्यय | | | कैफियत |
|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | सि.नं. | विवरण | रकम | |
| १ | गत वर्षको जिम्मेवारी | | १ | चालु खर्च: ०७८०४०१०००००१९ | ३४९५१०६६३.३४ | विपत् व्यवस्थापनमा रु.१ करोड चालु खर्च खाताबाट र रु.९० लाख पुँजीगत खर्च खाताबाट जम्मा गरिएको र रु१० लाख प्रदेश सरकारबाट प्राप्त भएको । |
| | क) धरौटी | २०५२६४१.१० | २ | पूँजीगतखर्च:०७८०४०१०००००२० | १५८६७९२१८.४८ | |
| | ख) संचित कोष | ३४५०००००.०० | ३ | कोलेनिका फितो | | |
| | ग) विपत् व्यवस्थापन कोष | २९६६९.६९ | | क) संघीय सशर्त | २२३४१५४३.७४ | |
| | घ) कर्मचारी कल्याण कोष | ३९०००००.०० | | ख) बागमती प्रदेश सशर्त | १६४०९७२.६१ | |
| | ङ) विविध खर्च खाता | १४२८३३७.५० | | ग) बागमती प्रदेश विशेष | ४४८७८२७.०० | |
| २ | आन्तरिक आय (मध्यभोटेकोशी, सानिमा, | २४२०२८६६.१९ | | घ) बागमती प्रदेश समपुरक | २५३०१०००.०० | |
| ३ | बाँडफाँडबाट प्राप्त | | ४ | धरौटी | ११२२३७४.०० | |
| | क) संघ राजश्व बाँडफाँड | ७८९१७५४९.७१ | ५ | विविध खर्च खाता | | |
| | ख) स्थानीय दहत्तर बहत्तरको बाँडफाँड | ३३४९८७६.२६ | | क) सडक बोर्ड नेपाल | २४५५२८७.० | |
| | ग) प्रदेश सवारी कर बाँडफाँड | ४७३११५५६.९८ | | ख) NEA: Tamakoshi | ६३१६२४.०० | |
| ४ | वित्तीय हस्तान्तरण केन्द्र | | | ग) श्रम मन्त्रालय | ०.०० | |
| | क) संघीय समानीकरण अनुदान | १४४३०००००.०० | | घ) नेपाल दू.सं.प्रा. | ११५३७२०.०० | |
| | ख) संघीय सशर्त अनुदान चालू | २२३६३३४५६.२६ | | ङ) कर्मचारी कल्याण कोष | ८५५७६९.६० | |
| ५ | प्रदेश सरकारबाट अनुदान | | | च) अन्य विविध | १०१८२२७.७० | कर्मचारी कल्याण कोषमा जम्मा गरिएको रु.२३ लाख रकम चालु खर्च खाताबाट खर्च लेखिएको । |
| | क) प्रदेश समानीकरण अनुदान | १५२५६०००.०० | ६ | प्रकोप व्यवस्थापन | १०४६२७७६.२७ | |
| | ख) प्रदेश सशर्त अनुदान चालु/पूँजीगत | २३८३६०००.०० | ७ | cgas-संघ | | |
| | ग) प्रदेश विशेष अनुदान चालु | १४००००००.०० | | क) सामाजिक सुरक्षा तथा संरक्षण | १३४८२२०१६.०३ | |
| | घ) प्रदेश समपुरक अनुदान चा | २५३०१०००.०० | ८ | ख) गरिबसँग विश्वेश्वर कार्यक्रम | ४५५५००.०० | |
| ६ | ग २.७- विविध खर्च खाता | | | cgas-प्रदेश | | |
| | क) सडक बोर्ड नेपाल | २२९४९२५.०० | ९ | क) प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ९९९९४५.०० | |
| | ख) NEA: Tamakoshi | ८६२०००.०० | १० | मौज्दात | | |
| | ग) श्रम मन्त्रालय | १७२००००.०० | | क) संचित | ७२६५५६३७.४८ | |
| | घ) नेपाल दू.सं.प्रा. | ११५३७२०.०० | | ख) धरौटी | २१२०८१५.०५ | |
| | ङ) अन्य विविध | ५१४२०७.०५ | | ग) विपत् | ९५६६८९३.४२ | |
| ७ | प्रकोप व्यवस्थापन | २००००००००.०० | | घ) कर्मचारी कल्याण कोष | ५३३५६७२.७० | |
| ८ | cgas-संघ | | | ङ) विविध खर्च खाता | २७१४३३१.३० | |
| | क) सामाजिक सुरक्षा तथा संरक्ष | १३४८२२०१६.०३ | | | | |
| | ख) गरिबसँग विश्वेश्वर कार्यक्रम | ४५५५००.०० | | | | |
| ९ | cgas-प्रदेश | | | | | |
| | क) प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ९९९९४५.०० | | | | |
| १० | श्रोत नखुलेको | | | | | |
| ११ | धरौटी | ११९०५४७.९५ | | | | |
| १२ | कर्मचारी कल्याण कोष | २३०००००.०० | | | | |
| | कूल जम्मा | ८०८३३१८१४.७२ | | कूल जम्मा | ८०८३३१८१४.७२ | |

९. <u>लेखापरीक्षण बाट देखिएका व्यहोराः</u>

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १ | **मानव संशाधन व्यवस्थापनः** निजामती सेवा ऐन,२०७४ बमोजिम कर्मचारी पदपूर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट पेश भएको दरबन्दी अनुसार नगरपालिकामा रहने कर्मचारी दरबन्दी ४७ जना रहेकोमा स्थायी २७ र अस्थायी तथा करार गरी जम्मा ९५ जना रहेको देखियो। तसर्थ यसतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ। मानव संशाधन र जनप्रतिनिधीको क्षमता विकासको लागि कार्याविधि तयार नभएको पाइयो र बजेट पनि न्यून रहेको देखियो। तसर्थ आगामी वर्षमा यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| २ | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य नियमित, मितव्ययी, प्रभावकारी, कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको भएता पनि अन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन नभएको हुदा प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ। | |
| ३ | **सार्वजनिक खरिद व्यवस्थापनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। उक्त नियमको उप नियम १ मा सार्वजनिक निकाएले बार्षिक १० लाखा रुपैंया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा बार्षिक खरिद योजना तयार गरि गर्नुपर्नेमा यस बा.न.पा.मा खरिद योजना तयार गरिएको देखिएन। तसर्थ बार्षिक खरिद योजना तयार गरि प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। | |

नगर कार्यपालिकाको कार्यालय, बाह्रबिसे नगरपालिका, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | | |
| ४ | **अनुगमन प्रतिवेदनः** नगरपालिकाको उपप्रमुखज्यूको संयोजकत्वमा रहेको अनुगमन समितिले नगरपालिका भित्र रहेका योजना तथा कार्याक्रमको अनुगमन गरी कामको परिणाम, सम्पन्न भएको कामको अवस्था तथा गुणस्तर समेत उल्लेख गरी प्रतिवेदन दिनुपर्ने व्यवस्था छ। प्रतिवेदन गरेता पनि प्रभावकारी नभएकोले यस तर्फ ध्यान दिनुपर्ने देखिन्छ। योजनाको अनुगमनमा विषेश जोडदिनु पर्ने देखिन्छ। | |
| ५ | **योजना निर्माण र कार्यान्वयनः** स्थानीय सरकार जनताको नजिकको सरकार भएकाले जनताका आवश्यकता र चहाना वमोजिमका योजना तथा कार्याक्रम निर्माण गरी लागु गर्नुपर्नेमा त्यस्तो नदेखिएकाले त्यतातर्फ ध्यान दिनुपर्ने देखिन्छ। हाल सम्म पनि नगर आवधिक योजना,मध्यकालिन खर्च संरचना,भूउपयोग योजना तयार गरि लागू गरेको देखिएन। तसर्थ आवश्यक योजनाहरु तयार गरि सोहि योजना अनुसार प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ। | |
| ६ | **वार्षिक प्रगति स्थितिः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २५ मा बजेट तथा कार्यक्रम कार्यानवयन गर्न प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको प्रगती विवरण तयार गर्नुपर्ने देखिन्छ। उपभक्ता समितिले गर्ने कामको अनुगमन प्रभावकारी बनाउनुपर्ने तथा प्राविधिकहरुले पनि यर्थाथ रुपमा लागत अनुमान, ठेक्का बिल र कार्यसम्पनन प्रतिवेदन तयार गर्ने देखिन्छ। | |
| ७ | **सूशासनः** सुशासन ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्तिमा पनि बार्षिक रुपमा एक पटक सार्वजनिक सुनुवाई गर्नुपर्नेमा आ.व.२०८९-८०मा सार्वजनिक सुनुवाई गरिएको छ। सूचना अधिकारीको व्यवस्था छ। एकिकृतघुम्ती सेवा, गुनासो व्यवस्थापन जस्ता कार्य भएका छैन्न साथै वडा कार्यालयहरु शहर केन्द्रित हुदाँ सेवा प्रवाहमा असर परेको छ। तसर्थ अगामी बर्षमा त्यस्ता व्यवस्थाको प्रभावकारी रुपमा लागू गर्नुपर्ने देखिन्छ। | |
| ८ | **<u>गत आ.व.२०७८।८९ को बेरुजु फछ्र्यौट सम्बन्धी व्यहोराहरुः</u>**<br><u>दफा:१२</u> वैठक भत्ता बढी भुक्तानिःसुमित्रा भट्टराई ले बढी बैठक भत्ता रु.१७००<br>असुल भएको छ।<br><u>दफा: ११</u> बिकास पौडयालको नाममा रहेएको कोभिड जोखिम भत्ता रु.४१,९५८ | |

नगर कार्यपालिकाको कार्यालय
Arpil

| | | |
|---|---|---|
| | असुलभई सञ्चित कोषमा जम्मा भएको छ।<br><br>**<u>दफा:८४</u> <u>को पेश्की बाँकी फर्छ्यौट:(आ.व.२०७८-८९)</u>**<br><br>१.भलाकाजी राईको नाममा भएको पेश्की रु.९५,००० फर्छ्यौट भएको छ।<br>२.बाह्रबिसे प्राथमिक स्वास्थ्य केन्द्रको पेश्की बाँकी रु.५०,००० फर्छ्यौट भएको छ।<br><br>**<u>आ.ले.प.गर्दा फर्छ्यौट भएको बेरुजुहरुः</u>**<br>संघीय सशर्त चालू तर्कको **भौ.न.२८६** मा श्री पिताम्बर घिमिरेलाई कृतिम गर्भादान सेवा कार्यक्रम बढी भुक्तानि भएको रु.२५,९४३ सञ्चित कोषमा दाखिला भएको छ। | |

नगर कार्यपालिकाको कार्यालय
बाह्रबिसे नगरपालिका
बाह्रबिसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

९ **नगरचालू तर्फः**

**<u>भौ.न.१४</u>** मा कानूनी सल्लाहाकार श्री गगन ज्ञवालीलाई श्रावण र भाद्र महिनाको परामर्श शुल्क तथा चाडपर्व खर्च उपलब्ध गराउँदा बढी भुक्तानि रु.२१,५८१ असुल हुनुपर्ने देखिन्छ।

**<u>भौ.न.३३</u>** मा श्री सिन्धु आयल स्टोरलाई डिजेल तथा पेट्रोल प्रयोग गरे बापतको बिल रकम भुक्तानि दिदाँ १० लिटर भन्दा बढीको कुप्पंन दिदाँ स्पष्ट रुपमा कुन प्रयोजनको लागि प्रयोग हुनेहो खुलाई दिनुपर्ने देखिन्छ। साथै ईन्धनको प्रयोगमा मितव्ययीता कायम गर्नुपर्ने देखन्छ।

**<u>भौ.न.३३१</u>** मा विभिन्न स्वास्थ्य संस्थाका प्रमुखको नाममा प्रति संस्था रु १५,००० हजारको दरले पेश्की उपलब्ध गराएकोमा शेरबहादुर तामाङ्गो पेश्की फर्छ्यौट नभएको देखिन्छ।

**<u>भौ.न.२२३</u>** मा वडा नं.८ को भाद्र र असोजको विद्युत महसुल भुक्तानि गर्दा जरीवाना पनि लागेको देखियो तसर्थ विद्युत महसुल समयमै बुझाउनुपर्ने देखिन्छ साथै अन्य कार्यालयहरुको महसुल पनि समयमै बुझाउनुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ

**<u>मर्मतः</u>** कार्यालयका सवारी साधन लगायत अन्य सामाग्रि मर्मत गर्दा आवश्यकता र औचित्यको आधारमा मितव्ययी तरिकाले गर्नुपर्ने देखिन्छ।

**<u>भ्याट बिल प्रयोग गर्नुपर्नेः</u>** सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४ अनुसार रु.२०,००० भन्दा बढी मूल्यको खरिद गर्दा भ्याट बिल प्रयोग गर्नुपर्ने व्यवस्था रहेकोमा केहि भौचरहरुमा प्यान बिल पनि प्रयोग भएको देखिन्छ। तसर्थ रु.२०००० हजार भन्दा माथिको खरिदमा भ्याट बिल प्रयोग गर्नुपर्ने देखिन्छ।

**<u>भौ.न.६७३</u>** मा श्री चमेली थामीलाई पौष १७देखि२६ सम्म न्यायिक सचेतना कार्यक्रम सञ्चालन अन्तर्गत बिद्यार्थिसँग न्यायिक सहजिकरण बापत भत्ता भुक्तानि गर्दा रु.१,००० को दरले भुक्तान हुनुपर्नेमा रु.१,५०० को दरले ९ वटा स्कूलमा ७ जनाको नौ दिन को बढी भुक्तानि रु.२६,७७५ सम्बन्धी बाट असुलहुनुपर्ने देखिन्छ।

| नाम/थर | दिन | जम्मा रु. | बढी भुक्तनि रु. |
|---|---|---|---|
| श्री मन्जु तामाङ् | ९ | ११,४७५ | ३,८२५ |
| श्री चुरामणी पन्थी | ९ | ११,४७५ | ३,८२५ |
| श्री शेखर बहादुर भण्डारी | ९ | ११,४७५ | ३,८२५ |
| श्री डिमा शेर्पा | ९ | ११,४७५ | ३८,२५ |
| श्री गगन ज्ञवाली | ९ | ११,४७५ | ३८,२५ |

वाह्रबिसे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वाह्रबिसे, सिन्धुपाल्चोक
वागमती प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| श्री कमल तामाङ् | ९ | ११,४७५ | ३८,२५ |
| श्री चमेली थामी | ९ | ११,४७५ | ३८,२५ |

**<u>भौ.न. १७४६</u>** मा राष्ट्रिय आर्थिक मासिकलाई सूचना प्रकाशन गरे वापत रु.३०,०००,भुक्तानि गर्दा भ्याट बिल सक्कल छैन। तसर्थ सक्कल बिल राख्नुपर्ने देखिन्छ। भौ.न.१७५५ मा श्री जयदुर्गे ज्याक वास क्रेजी हाउसलाई बिल अनुसार रु.२,१८२०५ भुक्तानि हुदाँ म्रमत आदेश नभएको, कोटेशन पनि नभएको भ्याट बिल पनि सक्कल नभएको हुदाँ मर्मत आदेश राख्नुपर्ने साथै कोटेशन र सक्कल बिल राख्नुपर्ने देखिन्छ।

१० **<u>नगर पूँजिगत तर्फः</u>**

१.उपभक्ता समितिबाट कार्य गराई योजनाको भक्तानि दिदाँ योजनाका लागि आवश्क पर्ने सामाग्रिहरु सिमेन्ट,बालुवा,ढुङ्गा गिट्टी उपयुक्त परिमाणमा राखनुपर्ने देखिन्छ।तर कुनै कुनै भौचरहरुमा नाँपी मूल्याकन भन्दा घटि,बढी परिमाणमा राखेको देखिन्छ। तसर्थ उपयक्त मात्रामा प्रयोग गर्नुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२. ठूला ठुला योजना पनि उपभक्ता समितिबाट गराउँदा योजनाहरुबाट उपयुक्त परिणाम र गुणस्तर प्राप्त नहुन सक्ने हुदाँ त्यस्ता योजनाहरु टेन्डर प्रक्रिया अपनाई गर्नु उपयुक्त

बाह्रबिसे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाह्रबिसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| | देखिन्छ।<br><br>३.सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४ अनुसार रु.२०,००० भन्दा माथिको बिल भ्याट बिल हुनुपर्नेमा प्यान बिल पनि प्रयोग भएको देखिन्छ तसर्थ रु.२०,००० भन्दा बढीको बिल भुक्तानिमा भ्याट बिलमा मात्र भुक्तानि दिनुपर्ने देखिन्छ।<br><br>**<u>भौ.न.२५४</u>** मा नापी मूल्याकंन किताब छैन।<br><br>**<u>भौ.न.१३२</u>** मा श्री बाह्रदेवी युवा क्लबलाई स्वीकृत टिप्पोणी आदेश अनुसार रकम भुक्तानि दिदाँ नाँपी किताब अनुसार सिमेन्ट प्रयोग हुने काम देखिन्छ। तर सिमेन्टको बिल<br><br>**<u>भौ.न.२४६</u>** मा श्री किदोर्जे कालिन्चोक मोटरबाटो निर्माण उपभोक्ता समितिलाई स्वीकृत टिप्पोणी आदेश अनुसार रु.९,७०,००० भुक्तानि हुदाँ लग सिट अनुसार ईन्धन १३८ घन्टाको २०७० लिटर प्रयोग हुनुपर्नेमा २४६० लिटर प्रयोग भएकोमा बढी भुक्तानि रु.६१,००३.८ रुपैया भएको देखिन्छ।तसर्थ लगसिट अनुसारको मात्र भुक्तानि दिनुपर्ने देखिन्छ।<br><br>**<u>भौ.न.२४८</u>** मा रोक्का गाउँ नाला सिँढीबाटो निर्माण उपभोक्ता समितिलाई रु.४,८६,३६५ भुक्तानि हुदाँ नापी मूल्याकनं किताब अनुसार जम्मा रु.६,११,६५५ बिल भरपाई हुनुपर्नेमा जम्मा रु.५,५४,९३३ को छ।जम्मा रु.५६,७२२ को कमि छ।<br><br>**<u>भौ.न.२६६</u>** मा श्री साहुवसी कान्ले भिरकुना उपभोक्ता समितिलाई स्वीकृत टिप्पोणी आदेश अनुसार रु.४,७५,३००भुक्तानि हुदाँ लगसिट अनुसार ५० घन्टाको ७५० लिटर ईन्धन प्रयोग हुनुपर्नमा १,१०० लिटर प्रयोग भएकोमा बढी ईन्धन३५० लिटर प्रयोग भएको देखिन्छ।तसर्थलगसिट उनुसारको मात्र भुक्तानि दिनुपर्ने देखिन्छ।<br><br>**<u>भौ.न.३११</u>** मा श्री डाडाँकटेरी सोताङ् उपभोक्ता समितिलाई स्वीकृत टिप्पोणी आदेश अनुसार रु.६,६२,०००भुक्तानि हुदाँ लगसिट अनुसार ८३ घन्टाको १२४५ लिटर ईन्धन प्रयोग हुनुपर्नमा १५८० लिटर प्रयोग भएकोमा बढी ईन्धन३३५ लिटर प्रयोग भएको देखिन्छ।तसर्थलगसिट अनुसारको मात्र भुक्तानि दिनुपर्ने देखिन्छ।<br><br>**<u>भौ.न.३८८</u>** मा अर्जुन शाहीलाई भोटे कुकुर संरक्षणका लागि लिएको पेश्की | |

Bhpil

बाह्रविसे नगरपालिका नगर कार्यपालिकाको कार्यालय

| | | |
|---|---|---|
| | रु.३,७०,००० कार्यक्रम गर्न असमर्थ भएका कारणले व्याज सहित रु.३,८०,७९२ फिर्ता गरिएको छ।<br><br>**भौ.न.४१५** मा गणेशस्थान मन्दिर संरक्षण उपभोक्ता समितिका रु.१४३,१५२ भुक्तानि दिदाँ सिमेन्टको विल छैन तर नापी मुल्याकंन किताबमा सिमेन्ट प्रयोग हुने काम छ।<br><br>**भौ.न.४५५** मा थापाटोल सुधार समितिलाई स्वीकृत टिप्पोणी र आदेश अनुसार रु.४,६६,९१७ भुक्तानि दिदाँ कूल मन्दिर निर्माणका लागि दिएको देखियो। तसर्थ यस्तो प्रकृतिको कामका लागि भन्दा उत्पादनमूलक तथा कृषिआय आर्जन गर्ने कार्यमा खर्च गर्नेतर्फ ध्यानदिनुपर्ने देखिन्छ। | |
| ११ | **संघीय सशर्त पूँजीगतः**<br>भौ.न.१४ श्री कोल्दुङ् भिरकुना कर्थली ५ र ६ खानेपानी उपभोक्ता समितिलाई स्वीकृत टिप्पोणी आदेश अनुसार भुक्तानि हुदाँ डोर हाजिरमा हस्ताक्षर छैन। सार्वजनिकलेखापरीक्षण प्रतिवेदन पनि छैन। | |
| १२ | **संघीय सशर्त चालूः**<br>**भौ.न.१४३** मा श्री हिमचुलि कृषि तथा पशुपालन कृषक समुहकाई रु.४,८१,८४१ भुक्तानि गर्दा साईबाबा र तपाँई हाम्रो नमूना साना किसानको कोटेशनमा छाँप छैन।<br>**भौ.न.२४४** मा निरवहादुर गुभाजुले २०८०।०२।११मा जागिर छाडकोहुदाँ वैशाख जेठ महिनाको तलब रु.६९४६० दिएकोमा२१ दिनको बढी भुक्तानि रु.२३,४१५ संघीय संञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिन्छ। | |
| १३ | **नगर विपदः**<br>**१.**नगरमा नगरकै स्काभेट र जे.सी.बी हुदाँ पनि विपदको कार्यमा भाडामा लिई प्रयोग गरेको देखिएको हुदाँ नगरकै साधनको उपयुक्त तरिकाले प्रयोग गर्नुपर्ने देखिन्छ। | |

Kapil

बाह्रविसे नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाह्रविसे, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

| | | |
|---|---|---|
| | **<u>भौ.न.११</u>** मा विपद व्यवस्थापन शीर्षकबाट रु.९९,९१५ दशौं लक्षित कार्यक्रमको अन्तर्गत ठूली पलाती गोरेटोबाटो मर्मत कामका लागि भुक्तानि भएकोमा त्यस्तो प्रकृतिको कार्यमा भन्दा विपदजन्य कार्यमा खर्चगर्नु उपयुक्त देखिन्छ।<br><br>भौ.न.७७ मा PPHC का कर्मचारीहरुको २४ घण्टे र पोष्टमार्टम प्रोत्साहन भत्ता २०७९ पौष देखि अषाढ सम्मको भुक्तानि गर्दा रु.९,७६,६२६.०९ हुनुपर्नेमा बढी भुक्तानि रु.४४५४९.९१ असूल हुनुपर्ने देखिन्छ। | |
| १४ | <u>पेश्की विवरणः आ.व.२०८९-८०</u><br>नगर चालुतर्फ भौ.न.२४९ का विभिन्न स्वास्थ्य संस्थाका प्रमुखको नाममा प्रति संस्था रु.१५,०००का दरले पेश्की दिएकोमा शेरबहादुर सिंहको नाममा रु.१५,०००फछ्यौंट हुन बाँकी रहेको छ। | |

बाह्रबिसे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाह्रबिसे सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३